सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

वङ्गाँडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.स:२०८०/०८१

च.नं: १६७४

मिति:२०८१।०१।०३

श्री वडा कार्यालयहरु सबै ।

श्री विषयगत शाखाहरु सबै ।

सरुमारानी गाउँपालिका, प्यूठन ।

विषय: निर्णय प्रतिलिपि पठाईएको सम्वन्धमा ।

प्रस्तुत विषयमा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८०।१२।३० गतेको बैठकको निर्णय प्रतिलिपिहरु आवश्यक जानकारी एवं कार्यान्वयनका लागि यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

२०८१।१।३

(देविराम पाठक)

प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक

प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क ठेगाना: सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय वङ्गाँडा-०४, प्यूठान ,लुम्बिनी प्रदेश नेपाल

कार्यालयको फोन नं ९८५७८३६०२२ .Website:www.sarumaranimun.gov.np

Email sarumarani2073@gmail.com

CamScanner

## सरुमारानी गाउँपालिका, कार्यपालिकाको ३६ औं बैठकका प्रस्तावहरु
### मिति २०८०।१२।३० गते

१. गत बैठकको प्रगति समिक्षा सम्वन्धमा ।
२. प्रदेश समपुरक आयोजना छनौट सम्वन्धमा ।
३. प्रदेश विशेष अनुदान कार्यक्रम छनोट सम्वन्धमा ।
४. श्रोत केन्द्रमा कुवा निर्माण सम्बन्धमा ।
५. सहकारीको शौचालय निर्माण सम्बन्धमा ।
६. आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्वन्धमा।
७. आर्थिक सहयोग सम्वन्धमा ।
८. कक्षा थप सम्बन्धमा ।
९. ठेक्का योजनाको बाकी रकम सम्वन्धमा ।
१०. विविध सम्वन्धमा ।

- शुभकामना सम्वन्धमा ।
- विद्यालयलाई फर्निचर (बेन्च) प्रदान गर्ने सम्वन्धमा ।
- शैक्षिक पात्रो अनुमोदन सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा, प्युठान लुम्बिनी प्रदेश, नेपाल २०७३

गा.पा.अध्यक्ष

**बैठक संख्या-३६**

**गाउँकार्यपालिकाको छत्तिसौं बैठकका निर्णयहरु-२०८०।१२।३० गते**

### निर्णय नं. १. गत बैठकको प्रगति समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८०।१२।२२ गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो। अधिकांश निर्णयहरु कार्यान्वयन भएका र केहि निर्णयहरु कार्यान्वयनको चरणमा रहेको पाईयो ।

### निर्णय नं. २ प्रदेश समपुरक योजना सम्बन्धमा ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा लुम्बिनि प्रदेश अर्थ मन्त्रालयको मिति २०८०।१२।२७ गते को समपुरक अनुदानको लागि आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने प्रकाशित सूचना अनुसार तपशिलका योजनाहरु छनौट गरी प्रस्ताव पठाउने साथै सो योजनाको लागि गाउँपालिकाले व्यहोर्नु पर्ने नियमानुसारको लागत साझेदारी रकम यस गाउँपालिकाबाट साझेदारी गर्ने निर्णय गरियो ।

तपशिलः

| सि.नं | योजनाको नाम | क्षेत्र | आ.व २०८१।०८२ को लागि अनुमानित बजेट | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | प्रदेश समपुरक अनुदान रु. | स्थानीय तहको साझेदारी रु | जम्मा | |
| १ | बड्डाँडा उपल्लो खुट्टी तिराम सडक निर्माण वडा नं ६ | पूर्वाधार क्षेत्र | २५,००,००० | २५,१०,००० | ५०,१०,००० | गत वर्षको क्रमागत |
| २ | गढी रानीकुवा पर्यटन पूर्वाधार निर्माण योजना वडा नं ४ | आर्थिक क्षेत्र | २५,००,००० | २५,०३,००० | ५०,०३,००० | |
| ३ | सरुमारानी नमुना कृषि तथा पशुपंक्षि श्रोत विकास केन्द्र आयोजना वडा नं १/२ | कृषि क्षेत्र | २५,००,००० | २५,०३,००० | ५०,०३,००० | |
| | जम्मा | | ७५,००,००० | ७५,१६,००० | १,५०,१६,००० | |

### निर्णय नं. ३ प्रदेश विशेष अनुदान योजना छनोट सम्बन्धमा ।

प्रस्ताव न. ३ माथि छलफल गर्दा लुम्बिनि प्रदेश अर्थ मन्त्रालयको मिति २०८०।१२।२७ गते को विशेष अनुदानको लागि आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने प्रकाशित सूचना अनुसार तपशिलका योजनाहरु छनौट गरी प्रस्ताव पठाउने साथै सो योजनाको लागि गाउँपालिकाले व्यहोर्नु पर्ने नियमानुसारको लागत साझेदारी रकम यस गाउँपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

तपशिलः

- अल्पसंख्यक, दलित, महिला तथा पिछडिएको समुदाय उत्थान कार्यक्रम — बजेट रु. ४० लाख
- विपन्न समुदाय लक्षित मातृशिशु आधारभूत स्वास्थ्य सेवा विशेष कार्यक्रम— बजेट रु. ४० लाख



प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा, प्युठान लुम्बिनी प्रदेश, नेपाल २०७३

गा.पा.अध्यक्ष

**निर्णय नं. ४ श्रोत केन्द्रमा कुवा निर्माण सम्बन्धमा ।**

प्रस्ताव न. ४ माथि छलफल गर्दा सरुमारानी गाउँपालिकाले संचालन गरेको सरुमारानी कृषि तथा पशु पन्छी विकास श्रोत केन्द्र सरुमारानी १ औलेनीमा श्रोत केन्द्र व्यवस्थापन गर्नका लागि पानीको श्रोत नभएकाले उक्त स्थानमा कुवा निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ सहकारीको शौचालय निर्माण सम्बन्धमा ।**

प्रस्ताव न. ५ माथि छलफल गर्दा सरुमारानी गाउँपालिका वडा नं २ मा संचालन रहेको सक्रिय सामाजिक महिला उद्यमी सहकारी संस्था लि. ले निर्माण गरेको भवनमा शौचालय नभएको कारण गाउँपालिकामा माग भए बमोजिम निर्माण भएको शौचालयका लागि प्रदेश समपुरक योजना-गढि रानी कुवा पर्यटन पुर्वाधार योजना वडा न. ४ को ठेक्का भई बाकी रकम मध्येबाट रु. ५०,०००/- व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा ।**

प्रस्ताव न. ६ माथि छलफल गर्दा आर्थिक विकास समितिको मिति २०८०।१२।२८ गतेको निर्णय अनुसार किसानसंग गाउँसरकार कार्यक्रम अन्तर्गत कोरेली पाडी, मोटर पाईप र बादर धपाउने यन्त्र वितरण कार्यक्रममा थप अनुदान ग्राही कृषकहरु सिफारिस भई आएकाले उक्त निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ आर्थिक सहयोग सम्बन्धमा ।**

प्रस्ताव न. ७ माथि छलफल गर्दा श्री तपशिलका संघसंस्था/व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

- अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन लुम्बिनि प्रदेश कमिटिको २०८०।०५।१० गतेको पत्र अनुसार प्रदेश अधिवेशनको लागि रु. १०,००० /- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
- नेपाल कम्प्यूनिष्ट पार्टि (मसाल) को मिति २०८०।१२।०७ गतेको पत्र अनुसार नवौ महाधिवेशनको लागि रु.१५,००० /- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
- नेपाल लोकतन्त्रवादी आदीवासी जनजाती महासंघ लुम्बिनि प्रदेश कमिटिको २०८०।१०।०७ गतेको पत्र अनुसार प्रदेश अधिवेशनको लागि रु. १०,००० /- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
- कोठभीर विकास केन्द्र नेपालको पर्यटकीय क्षेत्रको विकास सुधारका लागि महोत्सव संचालन तथा व्यवस्थापनको लागि बजेट रु.५०,०००।– उपलब्ध गराउने निर्णय गरियो ।
- सरुमारानी गाउँपालिका वडा नं.४ अम्मरे निवासी कमल पुनको श्रीमति ज्ञानीसरा पुनको निवेदन अनुसार २०८०।१२।२२ गते भएको आगोलागि क्षतिको राहतको लागि रु.२५,०००/- प्रकोप/विषद व्यवस्थापन कोषबाट सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

➢ सरुमारानी गाउँपालिका वडा नं.३ डाँडावारी बस्ने भोज बहादुर सुनारको बुहारी सन्त बहादुर सुनारको श्रीमती विनादेवी सुनारको निवेदन अनुसार मिति २०८०।१२।२९ गते भएको आगो लागिक्षतिको लागि रु. १५,०००/- प्रकोप/विपद व्यवस्थापन कोषबाट सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८ कक्षा थप सम्बन्धमा ।**

प्रस्ताव न. ८ माथि छलफल गर्दा तपशिलका उल्लेखित विद्यालयलाई आगामी वर्ष देखि कक्षा थप गर्ने निर्णय गरियो ।

- ➢ नेपाल राष्ट्रिय मा.वि.हंसपुर विद्यालय कक्षा ९ सम्म संचालन भएकोले शैक्षिक सत्र २०८१ देखि कक्षा १० सम्म संचालनको लागि अनुमति दिने निर्णय गरियो ।
- ➢ ऐरावती बोर्डिङ स्कुल सरुमारानी-२ दर्भानको बोर्डिङ स्कुल कक्षा-८ सम्म संचालन भएकोले कक्षा ९ संचालनको लागि अनुमति दिने निर्णय गरियो ।
- ➢ सरुमारानी ईङ्गलिस वोर्डिङ वडा न. ४ को विधालयमा कक्षा २ सम्म संचालन भएकोले कक्षा ३ संचालनको लागि अनुमति दिने निर्णय गरियो ।
- ➢ सरुमारानी गाउँपालिका वडा नं ५ लुकलुकेमा बालविकास केन्द्र स्थापनाको लागि अनुमति दिने निर्णय गरियो ।
- ➢ टाकुरा बालविकास केन्द्र वडा न. ६ लाई कक्षा १ सम्म संचालन अनुमति दिने निर्णय गरियो

**निर्णय नं. ९ ठेक्का योजनाको बाँकी रकम सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिकाको चालू आ.व. को स्वीकृत योजना अन्तर्गत तपशिलका योजनामा ठेक्का भई बाकी रहेको रकमबाट सोही योजनाको बाँकी रहको काममा खर्च गर्ने निर्णय गरियो ।

- भिमसेन मा.वि. भवन निर्माण योजना वडा न. ५
- गढि रानी कुवा पर्यटन पुर्वाधार योजना वडा न. ४
- कुडुले सिरुवारी देउराली मो.बा. स्तरउन्नोती वडा न. ४

**निर्णय नं. १० विविध सम्बन्धमा ।**

➢ **शुभकामना सम्बन्धमा ।**

नयाँ वर्ष २०८१ को यस पावन अवसरमा यस सरुमारानी बासी सम्पूर्ण बुबा आमा, दाजुभाई, दिदि बहिनी, तथा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं। २०८१ सलाको नयाँ वर्षले बहुजातीय, बहुभाषिय, बहुसांस्कृतिक हाम्रो नेपाली समाजमा आपसी मेलमिलाप, सामाजिक सदभाव, समानता, एकता र मित्रताको सम्बन्धलाई अझै कसिलो बनाउने छ भन्ने विश्वास व्यक्त गर्दछौं ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

- **विघालयलाई फर्निचर सहयोग सम्बन्धमा**

  नेरा मा.वि हंसपुर ,भिमसेन मा.वि जस्पुर र श्रमरानी मा.वि बुढिचौरलाई आवश्यकताका आधारमा फर्निचरका लागि रकम उपलव्ध गराउने निर्णय गरियो ।

- **शैक्षिक पात्रो अनुमोदन सम्बन्धमा ।**

  मिति २०८० चैत्र २१ र २२ गते पात्रो निर्माण समितिले सरुमारानी गाउँपालिका अन्तर्गतका विद्यालयहरुको शैक्षिक गतिविधि एकरुपताको लागि निर्माण गरेको पात्रोलाई अनुमोदन गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा पारीत गरी आजको वैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो ।

प्रमाणिकरण मिति २०८०/१२/३०

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्युठान
लुम्बिनी प्रदेश,नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष